# मालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
अर्खाबाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

च.नं.

प.सं. २०८२/०८३

ने.सः ११४५ ञलाथ्व

मितिः २०८२/०५/२२

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

### दोस्रो पटक प्रकाशित मिति: २०८२/०५/२२ गते

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम हो । यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरुको साझेदारीमा सञ्चालित छ । कार्यक्रमलाई स्वीस सरकार विकास सहयोग एसडीसीको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ । वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत मालिका गाउँपालिकामा मनोसामाजिक परामर्श सेवा तथा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतीकरणक कार्यक्रम सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेकोले योग्य नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ ।

| क्र.सं. | पद | विज्ञापन नं | पद संख्या | योग्यता |
|---|---|---|---|---|
| १. | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | ०४-२०८२/०८३ | १ | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यताप्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा कामगरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ ।<br>• दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।<br>• प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>• कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको ,Word, excel, PowerPoint ,मा दिईएको प्रश्नको उत्तर नेपाली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ ।<br>• नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने । |

कार्य अवधि: हाललाई २०८३ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ ।

परिक्षाको किसिम: लिखित, प्रयोगात्मक र अन्तरवार्ता ।

तलब तथा अन्य सुविधा: कार्यक्रमको नियमानुसार ।

आवश्यक कागजातहरु: माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो तीन प्रति साथै आफुले आवेदन दिन चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

दरखास्त दस्तुर: दरखास्त दस्तुर रू.७००/- ।

छनौट प्रक्रिया: प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ । प्रत्येक पदमा अवसरबाट वञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ ।

दरखास्त दिने अन्तिम मिति: २०८२/०५।२८ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

थप जानकारीः ९८५७०६७९०६,९८५७०३१५९५,९८४७२१९५१५ ।

.........................

तारा जि.सी अर्याल

नि.प्रमुख प्रशासकीय अधिकृत

निमित प्रमुख प्रशासकीय अधिकृत